अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड : ८ | संख्या : १६ | मिति :२०८१/१०/२७ |
|---|---|---|

## भाग – १

# थासाङ गाउँपालिका

थासाङ गाउँपालिका

थासाङ गाउँसभामा पेश भएको मिति :- २०८१/१०/२७

थासाङ गाउँसभाबाट स्वीकृत मिति : २०८१/१०/२७

## थासाङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:** थासाङ गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई संशोधन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने तथा आय संकलनको प्रशासनिक ब्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थासाङ गाउँसभाको १५ औं अधिवेशनमा यो ऐन पेश भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "थासाङ गाउँपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन थासाङ गाउँपालिका अन्तर्गत तुरुन्त लागू हुनेछ ।

२. नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थासाङ गाउँसभाले मिति २०८१/०३/१२ गते बनाएको आर्थिक ऐनको अनुसूची-१ मा छुट भएका तपसिलमा उल्लेखित कर तथा शुल्कका दरहरु थप गर्ने निर्णयार्थ पेश भयो ।

**थप भएका कर तथा शुल्कहरु**

| नाम | क्षेत्र/उपक्षेत्र | रकम रु. | कैफियत |
|---|---|---|---|
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | | | |
| कृषि तथा पशुपंक्षी फर्म | क वर्ग | १०,०००/- | ५० लाख देखि माथीको कुल पूजी |
| | ख वर्ग | ५,०००/- | २५ देखि ५० लाखसम्मको कुल पूजी |
| | ग वर्ग | ३,०००/- | १० देखि २५ लाखसम्मको कुल पूजी |
| | घ वर्ग | १,०००/- | १० लाख सम्मको कुल पूजी |
| व्यावसाय नविकरण दस्तुर | | | |
| कृषि तथा पशुपंक्षी फर्म | सबै वर्गको | ५००/- | |
| वैदेशिक लगानिमा संचालित उद्योग दर्ता | | ३०,०००/- | |
| अन्य उद्योग दर्ता | | २५,०००/- | |

**आज्ञाले,**

**बिकाश परियार**

**प्रमुख प्रशासकीय अधिकृत**

थासाङ गाउँपालिका